# युवा तथा साना व्यवसायी स्वरोजगार कोष २०६५ सम्बन्धी जानकारी :

*परिचय :*
उत्पादनशील श्रमको अधिकतम उपयोग, उद्यमशीलताको विकास मार्फत परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी देशको द्रुततर विकासको लागि युवा तथा साना व्यवसायी बेरोजगारहरुलाई स्वरोजगारको अवसर उपलब्ध गराउन, बैंक तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा विनाधितो आवधिक ऋण उपलब्ध गराउन " स्वरोजगार कोष" खडा गर्न र सो कोषवाट स्वरोजगार कार्यक्रम संचालन गर्न र व्यवसायिक तालिम समेत उपलब्ध गराउन यो कोषको स्थापना भएको हो ।

*सहभागी हुन पाउने व्यक्तिः*
शिक्षा आर्जन लगायत कुनै पनि पेशा व्यवसायमा संलग्न नरहेको तथा कुनै आय आर्जन गर्ने काममा संलग्न नभएको वेरोजगार व्यक्तिले यस कार्यक्रममा भाग लिन पाउने छन् ।

*ऋण उपलब्ध हुने व्यवसायहरु :*
(क) व्यवसायिक खेती तथा पशुपंक्षी पालन, कृषि तथा वनजन्य उद्योग, घरेलु उद्योग तथा अन्य व्यापार व्यवसाय,
(ख) शहर र वजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा संचालन लगायतका सेवामूलक स्वरोजगार व्यवसाय,
(ग) परम्परागत शीप भएका व्यवसाय,
(घ) स्वरोजगार कार्यक्रम संचालन गर्न चाहने बेरोजगारलाई तालिम प्रदान गर्ने व्यवसाय ।

*प्राथमिकता :*
स्थानीय कच्चा पदार्थ र शीपमुलक परियोजना, जुन क्षेत्रमा उत्पादन हुने र सोही क्षेत्रमा खपत हुने परियोजना र एक गाउँ एक उत्पादन सम्वन्धी परियोजनाहरु तथा द्वन्द्वपीडित व्यक्ति, उत्पीडित जाति, जनजाति, दलित र क्षेत्र तथा महिलावाट संचालन हुने परियोजनाहरुलाई विशेष प्राथमिकता हुनेछ ।

*ऋण लिने प्रक्रिया*
सिप मुलक तालिम प्राप्त गरेको प्रमाण-पत्र (प्रमाण-पत्र नम्वर अनिवार्य छ), नागरिकताको प्रमाण, ऋण लिन चाहेको पेशा वा व्यवसायको परियोजना विवरण, सम्वन्धित वित्तिय संस्थाले माग गरेको अन्य आवश्यक कागज पत्रहरु पेश गरी ऋणको लागि आवेदन गर्न सकिनेछ ।

*ऋण लगानी र सीमा :*
वेरोजगार ले स्वरोजगार कार्यक्रम संचालनको लागि आवश्यक ऋण लिन, आफ्नो व्यवसायिक योजनाको आधारमा वित्तिय संस्थामा निवेदन दिनु पर्नेछ । सम्वन्धित वित्तिय संस्थाले आफ्नो प्रक्रिया अनुसार ऋण स्वीकृत गर्नेछ ।
कोषको उद्येश्य अनुसार बैंक तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा विना धितो दुई लाख रुपैया सम्म आवधिक ऋण उपलब्ध हुनेछ ।

*ब्याजको दर र अनुदान :*
स्वरोजगार कार्यक्रम अन्तर्गतको ऋण लगानीको ब्याजदर लगानी गर्ने संस्थाले तोकेको ब्याजदर हुनेछ र तोकिएको समयमा ऋणीले ऋणको किस्ता चुक्ता गरेपछि सो किस्तामा लाग्ने ब्याजको साठी प्रतिशत रकम सम्बन्धित ऋणीलाई नै अनुदानको रुपमा फिर्ता दिने व्यवस्था मिलाईनेछ ।

*धितो सम्वन्धी व्यवस्था :*
ऋण स्वीकृत भएपछि सम्वन्धित व्यक्तिले गर्ने स्वरोजगार मूलक व्यवसाय पूर्ण रुपमा ऋणको सावाँ, व्याज भुक्तानी नगरुन्जेलसम्म ऋणको सुरक्षणको रुपमा सम्वन्धित वित्तिय संस्थाले धितो राख्ने छ ।

*ऋण दुरुपयोग गर्नेलाई कारवाही :*
जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिइएको हो सो बमोजिम कार्य नगरी ऋण दुरुपयोग गरी साँवा, व्याज भुक्तानी नगरेमा प्रचलित कानून बमोजिम ऋणीबाट साँवा, व्याज असूल गरिनेछ र कर्जा सूचना केन्द्रमा त्यस्ता व्यक्तिको नामावली राखी खराव ऋणीलाई हुने कारवाही गर्ने, राहदानी नदिने जस्ता विविध कार्यवाही गरिनेछ ।

*परियोजनाको विमा :*
ऋणको भाखा भित्र ऋणीको मृत्यु भएमा वा स्थायीरुपमा अपांग भएमा र भवितव्य परी परियोजनाको नोक्सान भएमा ऋणीले ऋण तिर्नु पर्दैन, बीमा कम्पनीले तिरीदिनेछ । वीमाको प्रिमियम नेपाल सरकार, अर्थ मन्त्रालयले तिर्नेछ ।

*बजार व्यवस्था :*
उत्पादित वस्तुहरु सोही क्षेत्रमा खपत होस् भन्ने अभिप्रायले त्यस्ता उत्पादित सामाग्रिहरु जिल्ला स्थित सहकारी संस्थाहरुले खरिद गर्ने र वितरण गर्ने व्यवस्था हुनेछ र अन्तर जिल्लाका सहकारी संस्थाहरुले पनि खरिद गर्न सक्ने व्यवस्था गरिनेछ ।

*सहयोगी संस्था र सो संस्थाले गर्ने सहयोग :*
हाल नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत सबै जिल्लाहरुको सदस्य संघ सहयोगी संस्थाको रुपमा तोकिएको छ।
स्वयंसेवक वा सहयोगी संस्थाले कोषको उद्देश्य अनुरुपको कार्यक्रम प्रवर्द्धन गर्न अभिमूखिकरण कार्यक्रम, परियोजना विकास सम्बन्धी तालिम र अन्य प्रचारात्मक तथा चेतनामूलक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

*तालिम सम्वन्धी व्यवस्था :*
सरकारी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी जुन सुकै निकायवाट तालीम लिएको प्रमाण पत्र मान्य हुनेछ, परम्परागत शीप भएका व्यक्तिले गर्ने व्यवसायको भने तालीमको प्रमाण पत्र आवश्यक पर्नेछैन तर ऋण दिने वैंक तथा वित्तिय संस्थालेनै सो व्यवसाय गर्न सक्ने वा नसक्ने एकिन गरी ऋण प्रदान गर्नेछ ।

*तालिमको आवेदन*
- आवेदन फर्म www.mof.gov.np/swarojgar मा online भर्नु पर्नेछ ।
- आवेदन फर्म भरी प्रिन्ट गरी पासपोर्ट साइजको फोटो टासी नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला स्थित सदस्य संघको कार्यालयमा बुझाउनु पर्नेछ ।
- आवेदनको साथमा निम्न कागजात संलग्न गर्नुपर्नेछ ।
  - नागरिकता प्रमाण-पत्रको फोटोकपी एक प्रति ।

- तालीम तथा शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकपी एक प्रति ।

o शीप नहुने व्यक्तिले सिप विकासको लागि तालिम लिन नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला स्थित सदस्य संघमा दिएको निवेदनको आधारमा जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समिति वा कार्यालयमा सम्पर्क गर्ने र परियोजना पहिचान समितिले तोकेको विषयमा तालीम प्रदान गरिनेछ ।

*कार्यक्रम*

- पहिलो चरणको शीप हुने व्यक्तिको हक अभिमूखिकरण २०६५ फाल्गुण मसान्त सम्म दिएको निवेदनको तालीम २०६५ चैत्र १ गते देखि र त्यस पछि निवेदन दिनेको हकमा प्रत्येक ३।३ महीनामा हुनेछ ।
- ऋण वितरण २०६५ चैत्र १५ गते पछि सम्वन्धित जिल्लाका वैक तथा वित्तिय संस्थाहरु वाट सुरु हुनेछ।
- शीप नहुने व्यक्तिले जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति वा घरेलु तथा साना उद्योग विकास कार्यालयमा सिप विकास तालिमको लागि सम्पर्क गर्नु पर्नेछ ।
- शीप नहुने व्यक्तिको आवेदनमा निम्न समितिले जिल्लाको आवश्यकता र संभाव्यता, वजार व्यवस्था र सृजनशीलता, आर्थिक संभाव्यता अदिको विचार गरी समूहगतरुपमा तालीमको विषय निर्धारण गर्नेछ
    - o जिल्ला स्थित उद्योग वाणिज्य संघले तोकेको व्यक्ति संयोजक
    - o जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति वा घरेलु तथा साना उद्योग विकास कार्यालयको प्रमुख सदस्य
    - o जिल्ला कृषि र सहकारी संस्थाको प्रमुख सदस्य
    - o आवश्यकता अनुसार आमन्त्रित व्यक्ति

<u>समितिको गठन</u> :

कोषको संचालन र रेखदेख गर्नका लागि देहाय बमोजिमको संचालक समिति रहेको छ :-

| | |
|---|---|
| अर्थ मन्त्री | - अध्यक्ष |
| युवा तथा खेलकुद मन्त्री | - उपाध्यक्ष |
| श्रम तथा यातायात व्यवस्था मन्त्री | - सदस्य |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| गभर्नर, नेपाल राष्ट्र वैंक | - सदस्य |
| वरिष्ठ आर्थिक सल्लाहकार, अर्थ मन्त्रालय | - सदस्य |
| अध्यक्ष, बिमा समिति | –सदस्य |
| अध्यक्ष, नेपाल वैंकर्स एशोसिएसन | - सदस्य |
| अध्यक्ष, नेपाल विमक संघ | - सदस्य |
| सह-सचिव, बजेट महाशाखा, अर्थ मन्त्रालय | - सदस्य-सचिव |

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष २०६५




**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय**
**सिंहदरवार, काठमाण्डौ**
**फोन नं. ४२११३४५**
**फ्याक्स : ४२११३४८**
**पोष्ट वक्सः ८९५५**
**email : selfemploy@mof.gov.np**
**Website : www.mof.gov.np/swarojgar**